विराटनगर घोषणा-पत्र

१९ भाद्र, २०७४

भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट मिति २०७४।५।१७ देखि २०७४।५।१९ गतेसम्म विराटनगरमा आयोजित आ.व. २०७३।०७४को वार्षिक समीक्षा गोष्ठीमा सहभागी भएका (प्रदेश नं. १ का १३ जिल्ला र प्रदेश नं. २ का ८ जिल्ला) का मालपोत कार्यालयहरू, भूमिसुधार कार्यालयहरू, नापी कार्यालयहरू, विशेष नापी कार्यालयहरूका हामी प्रमुख एवं प्रतिनिधिहरू बाट भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सह-सचिव ज्यू, भूमिसुधार तथा व्यवस्थापन बिभागका महानिर्देशक ज्यू, नापी बिभागका उप-महानिर्देशक ज्यू, प्रतिनिधि ज्यूहरुको उपस्थितिमा आगामी समयमा भूमि प्रशासन तथा व्यवस्थापनका क्षेत्रमा निम्नानुसार कार्य प्रणाली अवलम्बन गर्ने प्रतिबद्धता जाहेर गर्दै यो विराटनगर घोषणा-पत्र जारी गर्दछौं।

१ वि.सं. १९७८ भाद्र २४ गतेबाट पोता रेजिष्ट्रेशन अड्डाको रुपमा स्थापना भै जग्गा रजिष्ट्रेशन पद्वतिको प्रारम्भ भएको गौरवपूर्ण दिनलाई स्मरण गर्दै वि.सं. २०७८ भाद्र २४ गते जग्गा रजिष्ट्रेशन पद्वतिको आरम्भ भएको शतवार्षिकोत्सव कार्यक्रम प्रस्तावं गरी भव्यतापूर्वक मनाउने र प्रत्येक वर्ष भाद्र २४ गतेलाई भूमि व्यवस्थापन दिवश मनाउने निर्णय गरियो।

२ DLIS तथा LRIMS लागू भएका जिल्लाहरूमा <u>Manually कार्य नगर्ने</u> साथै कार्यालयका WebSiteहरु अद्यावधिक गरिएको हुनेछ।

३ डिजिटल प्रविधि लागू भएका कार्यालयहरूले पूर्णरूपमा Computer System मा रहेर कार्य गर्नुका साथै प्रत्येक महिनामा <u>Database भू-सूचना तथा अभिलेख विभागमा Backup</u>पठाउने व्यवस्था मिलाइनेछ।

४ तीन वर्षभित्र सबै मालपोत कार्यालयहरुमा online सेवा सम्पन्न गरिनेछ ।

५ सरकारी/सार्वजनिक जग्गाको संरक्षणको लागि लगत अद्यावधिक गरिनेछ।

६ मुलुकमा विद्यमान द्वैध स्वामित्वलाई आगामी तीन वर्ष भित्रमा अन्त्य गर्ने लक्ष्यका साथ कार्य अगाडि बढाइएको हुनेछ ।

७ गुठी जग्गाको व्यवस्थापन तथा दर्ता बाँकी जग्गाको दर्ता गरी गुठीको सम्बर्द्वन तथा संरक्षण गरिएको हुनेछ।

८ हदबन्दी रोक्का, गोश्वरा रोक्का, अधीग्रहण रोक्कालाई नियमित रोक्का सँग आवद्ध गरिनुका साथै कानून बमोजिम बाहेक रोक्का फुकुवा गरिएको हुने छैन।

Scanned by CamScanner

९ मौजुदा जनशक्ति र स्रोतसाधन प्रयोग गरी राष्ट्रिय अभियानका रुपमा छिटो भन्दा छिटो गाँउब्लक क्षेत्रको नापनक्शा सम्पन्न गरिनेछ।

१० पाँच वर्ष भित्र तामेलीलाइ scan गरी digital copy र hard copy तयार गरी कपडाका पोका मुक्त कार्यालय घोषणा गरिनेछ ।

११ डिजिटल प्रविधि लागू भएका नापी कार्यालयहरूको अनुगमन गरी पूर्ण रुपमा डिजिटल सेवा प्रदान गर्ने गरी जिम्मेवारी तोकिनेछ।

१२ डिजिटल प्रविधि लागू भएका वा नभएका, कार्यबोझ बढी भएका साथै डाटा असुरक्षित भएका कार्यालयहरूको पहिचान गरी दक्ष जनशक्ति परिचालन गरी नक्शा श्रेस्ता अद्यावधिक गर्न र डाटा सुरक्षित राख्न पहल गरिनेछ।

१३ डिजिटल प्रविधिद्वारा टोटल स्टेसन प्रयोग गरी नाप नक्शा गरिरहेका जिल्लाहरुमा उक्त प्रविधिबाट नापनक्शा भएको प्रगति हेरी अन्य जिल्लामा पनि लागू भएको हुनेछ।

साथै हाम्रा प्रतिवद्वता घोषणा पूरा गर्न सरल, सहज हुने गरी आवश्यक नीतिगत कानूनी, आर्थिक एवं प्राबिधिक र भौतिक सुविधा तथा जनशक्तिको यथोचित प्रबन्ध मन्त्रालय, बिभाग तथा सरोकारवाला तालुक निकायबाट हुने अपेक्षा गरेका छौं।

१ कार्यालयको कार्यबोझ, कार्य क्षेत्र, कर्मचारी संख्या र क्षमता अनुसार वार्षिक, अर्धवार्षिक मूल्यांकनका आधारमा <u>पुरस्कार र दण्ड</u> दिने अवधारणालाई लागू गरिनेछ।

२ प्रत्येक नापी कार्यालयलाई वार्षिक ५० हे. का दरले लक्ष्य दिई नापनक्शा गराउनुको सट्टा प्रदेश अनुसार ठूलो संरचनाका नापी कार्यालय स्थापना गरी राष्ट्रिय अभियानको रूपमा पुन:नापनक्शा अगाडि बढाउन पहल गरिनेछ।

3. जिल्लास्थित कार्यालयहरुलाई <u>सवारी साधन</u> लगायत भौतिक सुविधा सम्पन्न तुल्याउन सम्बन्धित विभाग र मन्त्रालयले पहल गर्नेछ।

४ ऐन, नियम, निर्देशिका र कार्यविधिमा समयानुकूल परिमार्जन तथा सुधार गरिनेछ।

५ नेपाल सरकारबाट विभिन्न समयमा गठन भएका सुकुम्बासी आयोग, समिति, गठन आदेश बाट बितरीत जग्गाको दोहोरो दर्ताश्रेस्ता कायम भएको सम्बन्धमा सो समस्या निराकरण गर्न स्पष्ट नीतिगत व्यवस्था गरिनेछ।

Scanned by CamScanner

जिल्लास्तरबाट उठाइएका समस्या, जिज्ञासा लगायतका विषयलाई उच्च प्राथमिकतामा राखी विभाग, मन्त्रालयबाट यथाशीघ्र समाधानमूलक निर्देशन दिइएको हुनेछ ।

Scanned by CamScanner